नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा विभाग
कार्यक्रम तथा वजेट शाखा
सानोठिमी भक्तपुर।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा विभाग सानोठिमी, भक्तपुर

प.सं. २०७४७५
च.नं. १६८

मितिः २०७५।०३।२२

विषयः माध्यमिक तहमा शिक्षण सहयोग अनुदान सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
शिक्षा विकास तथा समन्वय इकाई, ७३ जिल्ला ।

प्रस्तुत विषयमा माध्यमिक तह (कक्षा ९-१०) अनुमति प्राप्त गरी सञ्चालनमा रहेका तर हालसम्म कुनै शिक्षक दरवन्दी/राहत अनुदान प्राप्त नगरेका वा १ मात्र शिक्षक दरवन्दी/राहत अनुदान प्राप्त गरेका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा सहयोग पुर्याउन शिक्षण सिकाई अनुदान निकासा गरिएको छ । उक्त रकम देहायका आधारमा विद्यालयलाई निकासा दिन यस विभागको मिति २०७५।०३।२२ को निर्णयानुसार अनुरोध छ ।

<u>अनुदान प्राप्त गर्ने विद्यालयको आधार:</u>

१. अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालय नियमानुसार अनुमति प्राप्त गरी कम्तिमा २०७४ चैत्रसम्ममा ३ शैक्षिक सत्र (कक्षा ९ को अनुमतिको आधारमा) सञ्चालन भएको र चालु शैक्षिक सत्रमा सञ्चालनमा रहेको हुनु पर्ने ।
२. माध्यमिक तह कक्षा (९-१०) मा कुनै पनि शिक्षक दरवन्दी वा राहत अनुदान नपाएको वा १ मात्र दरवन्दी वा राहत अनुदान प्राप्त गरेको ।
३. अनुदान प्राप्त गर्ने विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भएको र नियमितरुपमा लेखा परीक्षण तथा सामाजिक परीक्षण भएको हुनु पर्नेछ ।

<u>अनुदान निकासा दिने प्रक्रिया:</u>

१. अनुमति प्राप्त गरी ३ शैक्षिक सत्र सञ्चालन भएका कुनै पनि शिक्षक दरवन्दी वा राहत अनुदान नपाएका वा १ मात्र दरवन्दी वा राहत अनुदान प्राप्त गरेका विद्यालयहरुको सूची तयार गर्ने।


फोन नं. ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइटः- www.doe.gov.np इमेलः- doeadmin@moe.gov.np

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा विभाग
कार्यक्रम तथा वजेट शाखा
सानोठिमी भक्तपुर।

२. विद्यार्थी संख्या तथा स्थापना मितिका आधारमा अनुदान प्राप्त गर्ने विद्यालयहरुको प्राथमिकता क्रम निर्धारण गर्ने ।

३. एउटा पनि दरवन्दी वा राहत अनुदान नपाएका विद्यालयलाई १ शिक्षकको १२ महिना बरावर हुन आउने रकम अनुदान निकासा दिने ।

४. बाँकी रकमबाट १ मात्र दरवन्दी वा राहत अनुदान पाएका विद्यालयलाई बुँदा २ अनुसार उल्लेख गरेकै प्राथमिकता क्रमका आधारमा थप १ शिक्षकको १२ महिना बरावर हुन आउने रकम अनुदान निकासा दिने ।यसरी अनुदान दिँदा बुँदा ३ अनुसार १ शिक्षक बरावर अनुदान पाएको विद्यालयले पनि थप अनुदान प्राप्त गर्न सक्नेछ ।

५. जिल्लाका सबै विद्यालयमा २ शिक्षक बराबर अनुदान भै सकेपछि प्राप्त बजेट बचत भएमा माथि उल्लेखित आधारमै विद्यालयहरुको प्राथमिकता क्रम निर्धारण गरी थप १ शिक्षकको १२ महिना बरावर हुन आउने रकम अनुदान निकासा दिने ।

६. विद्यालयलाई अनुदान निकासा दिँदा १ शिक्षकको १२ महिना बरावरको रु ३६६०००।- (रु तीन लाख छैसठ्ठी हजार) दरले निकासा दिने ।

७. विद्यालयले उक्त अनुदानबाट शैक्षिक सत्र २०७५ का लागि गणित, विज्ञान वा अंग्रेजी विषयको शिक्षक व्यवस्था गर्नु पर्नेछ ।

८. माथि क्रसं ३ देखि ५ सम्मका आधारबाट अनुदान पाएका विद्यालयहरुको विवरण तयार गरी आव २०७४।७५ को स्थिति प्रतिवेदन संगसंगै विभागमा पठाउने ।

घनश्याम अर्याल
उपनिर्देशक

वोधार्थः
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ५ वटैः तोकिएको आधारमा अनुदान निकासा भएको सुनिश्चितताको लागि आवश्यक व्यवस्था हुन ।


फान न. ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३०२८, फ्याक्स न. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइटः- www.doe.gov.np इमेलः- doeadmin@moe.gov.np